खण्ड ६ संख्या १० मिति २०८०/०९/२६

**भाग २**

**स्थानीय सरकार**

## गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन कार्यविधि–२०८०

नेपालको संविधानमा मौलिक हकको रुपमा प्रदान गरिएको महिलाको हक अन्तर्गत प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने ब्यवस्था गरिएको छ । संविधान अनुसूची ८ बमोजिम आधारभुत स्वास्थ्य र सरसफाइ स्थानीय तहको एकल अधिकार सूचीमा पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)झ को आधारभुत स्वास्थ्य र सरसफाइ अन्तर्गत आधारभुत स्वास्थ्य, प्रजनन स्वास्थ्य, मातृ शिशु कल्याण सम्बन्धी सेवा सञ्चालनका कार्यहरुमा सहजिकरणका लागि परशुराम नगरपालिकामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई नजिकको स्वास्थ्य संस्थामा उपचार हुन नसकेको अवस्थामा सुविधा सम्पन्न स्वास्थ्य संस्था सम्म लैजानु पर्ने अवस्थामा नि:शुल्क रुपमा एम्बुलेन्स सेवा सुचारु गर्न वान्छनीय भएकोले,

परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम परशुराम नगरकार्यपालिकाबाट यो कार्यविधी स्वीकृत गरी लागु गरिएकोछ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन कार्यविधि–२०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **उद्देश्यः** यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन्:

क) गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक रुपमा निशुल्क एम्वुलेन्स सेवाको पहुँच वृद्धि गरी सुरक्षित प्रसुति सेवा प्रदान गर्नु र मातृशिशु मृत्युलाई न्यूनीकरणगर्नु ।

ख) नगरपालिकाको आफ्नो एम्वुलेन्सको संचालन ब्यवस्थित तरिकाले संघीय कानून बमोजिम संचालन गर्नु ।

## परिच्छेद–२
## एम्बुलेन्स संचालन विधि

**३.नगरपालिका आफैले संचालन गर्दाः** (१) नगरपालिकाले आफै संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ,

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक २ जना,

ख) वार्षिक रुपमा एम्बुलेन्सको मर्मत सम्भार तथा ईन्धनको लागि बजेटको ब्यवस्था भएको,

ग) टेलीफोन सहितको एम्बुलेन्स चालक कक्ष

घ) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरु,

(२) नि: शुल्क एम्वुलेन्स सेवा संचालन तथा ब्यवस्थापनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष नगरपालिकाले वार्षिक बजेटबाटै रकम जम्मा गरि कोषको वृद्धि गरिनेछ ।

(३) नि: शुल्क एम्वुलेन्स संचालन तथा ब्यवस्थापन कोषमा वार्षिक रुपमा नगरपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्वुलेन्स सेवा शुल्क, एम्वुलेन्स संचालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ । सोही कोषवाट एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका सवै खर्चहरु गरिनेछ ।

**४. अन्य ब्यवस्थाद्वारा संचालनः** (१) नगरपालिकाले आफू सँग तत्काल एम्बुलेन्स उपलब्ध नभएको अवस्थामा शर्त सहित सम्झौता गरी अन्य संस्था वा ब्यक्ति सँग एम्बुलेन्स वा जीप भाडामा लिइ सेवा संचालन गर्न सक्नेछ ।

(२) नि:शुल्क एम्बुलेन्स सम्बन्धी अन्य विषयहरु देहाय बमोजिम हुनेछ :

क) गर्भवती महिलाहरु बाहेकको अवस्थामा एम्बुलेन्स सेवा शुल्क नेपाल सरकारबाट गठित जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ख) परशुराम नगरपालिका स्थायी ठेगाना भएका गर्भवती तथा सुत्केरी महिलाहरुमध्ये आकस्मिक रुपमा सुविधा सम्पन्न अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Check Up Card) र स्वास्थ्य संस्थाले रिफर गरेको आधारमा अस्पताल जाँदा शत प्रतिशत निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ र सोको अभिलेख राखी मासिक नगरपालिकामा प्रतिवेदन गर्ने गरि एम्बुलेन्स सेवा संचालन गर्नु पर्नेछ ।

ग) आकस्मिक दुर्घटना र गर्भवति तथा सुत्केरी महिलाहरु बाहेक अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिइनेछ । एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने दुर्गम भेगमा पहिलो प्राथमिकता दिनु पर्नेछ ।

घ) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन । नगरपालिकावाट प्रदान भएको एम्वुलेन्स उपलब्ध नभएका वखत वैकल्पिक एम्वुलेन्स तथा सवारी साधनको ब्यवस्थापन गर्नु पर्नेछ ।

ङ) एम्वुलेन्स संचालन गर्न कुनै संस्था सँग सम्झौता भएको भए उक्त संस्थाले एम्वुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भएको रकम नगरपालिकावाट माग गर्न सक्नेछ । सोही खर्चले एम्वुलेन्सको नियमित मर्मत, इन्धन तथा ड्राइभर खर्चको ब्यवस्थापन गर्नु पर्नेछ ।

च) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ ।

छ) एम्वुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुनगएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नेछ ।

**५. समिति सम्बन्धी व्यवस्थाः** (१) एम्वुलेन्सको संचालन, ब्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न गराउन देहाय वमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापनसमिति रहनेछ ।

क) नगर प्रमुख –संयोजक

ख) नगर उपप्रमुख –सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

घ) कार्यपालिकाले तोकेका एकजना महिला सदस्य–सदस्य

ङ) जनस्वास्थ्य शाखा प्रमुख–सदस्य सचिव

समितिमा संयोजकले आवश्यकतानुसार विषयसँग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य ब्यक्तिलाई आमन्त्रण गरी परामर्श लिन सक्नेछ ।

(२) एम्वुलेन्स संचालन तथा ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ:

क) एम्बुलेन्स संचालन ब्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चितता ल्याउने ।

ग)एम्बुलेन्स संचालन तथा ब्यवस्थापन कोषको परिचालन तथा सम्वन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरि सोको विवरण कार्यपालिकासमक्ष पेश गर्ने ।

घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका गर्भवती तथा महिलाका लागि वैकल्पिक यातायात साधनको प्रवन्ध गर्ने ।

ङ) यस समितिवाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा संचालन सम्वन्धिको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

छ) कार्यविधीले प्रदान गरेका अधिकारहरुको कार्यान्वयन आफ्नो कार्यविधी आफै तय गरी गर्ने ।

**६. संचालनको विधि:** एम्बुलेन्स संचालनको लागि नगरपालिका सँग एम्बुलेन्स साधन भएको अवस्थामा आफैले गर्नेछ र एम्बुलेन्सको अभाव भएको अवस्थामा भाडा मार्फत व्यवस्थापन गर्न सकिनेछ ।

**७. संसोधन:**यस कार्यविधीमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले

कृष्णदेव जोशी

प्रमुख प्रशासकीय अधिकृत